**सूचना नं. ०२/०८०/८१**

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (सिडिएससि)

## आन्तरिक, खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**(प्रथम पटक प्रकाशित मिति : २०८०।०८।१५)**

लोक सेवा आयोगबाट मिति २०८०।०८।१४ गते प्राप्त सहमति अनुसार सिडिएससिमा रिक्त रहेका देहायका पदहरू आन्तरिक, खुला तथा समावेशी प्रतियोगिताबाट स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले सिडिएस एण्ड क्लियरिङ लि. कर्मचारी सेवा सर्त विनियमावली, २०७५ अनुसार योग्यता पुगेका नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिन्छ। दरखास्त फारामका साथ निर्दिष्ट स्थानमा हालै खिचिएको पासपोर्ट साइजको फोटो टाँस गरी आफूले प्राप्त गरेको शैक्षिक योग्यता, तालिम, अनुभव र नेपाली नागरिकताको प्रमाणपत्रहरूको प्रतिलिपि एक–एक प्रति तयार गरी आफैँले प्रमाणित गरी सिडिएससिको कार्यालय, पुतलीसडकमा बुझाउनुपर्नेछ। परीक्षा दस्तुर रकम प्रभु बैंक लि., पुतलीसडकमा रहेको सिडिएस एण्ड क्लियरिङ लि. को खाता नं. १०९००९२३६१५००१०३ मा जम्मा गरेको भौचर दरखास्त साथ संलग्न गर्नुपर्नेछ। दरखास्त दिने अन्तिम मिति पछिको ७ (सात) दिनसम्म दोब्बर दस्तुर तिरी दरखास्त दिन सकिनेछ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा/समूह/उपसमूह | किसिम | पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १. | ०५/०८०/८१ | उपप्रबन्धक | नवौँ | सिडिएससि/साधारण | आन्तरिक प्रतियोगिता | १ |
| २. | ०६/०८०/८१ | वरिष्ठ अधिकृत | सातौँ | सिडिएससि/ साधारण | आन्तरिक प्रतियोगिता | १ |
| ३. | ०७/०८०/८१ | अधिकृत | छैटौँ | सिडिएससि/साधारण/ प्रशासन | महिला | १ |
| ४. | ०८/०८०/८१ | आई.टी. अधिकृत | छैटौँ | सिडिएससि/प्राविधिक | खुल्ला | १ |
| ५. | ०९/०८०/८१ | वरिष्ठ सहायक | पाँचौँ | सिडिएससि/साधारण | मधेसी | १ |
| ६. | १०/०८०/८१ | वरिष्ठ कम्प्युटर अपरेटर | पाँचौँ | सिडिएससि/प्राविधिक | खुल्ला | १ |

**विज्ञापन सम्बन्धी विशेष सूचना** : सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०७८–WO–०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा भएको परमादेशको आदेश बमोजिम कानूनी व्यवस्था भए पश्चात् सोही अनुसार पदपूर्ति गरिनेछ।

**नोट** :

**परीक्षाको किसिम** : लिखित, प्रयोगात्मक र अन्तर्वार्ता, साधारण तर्फ लिखित र अन्तर्वार्ता मात्र,

**परीक्षा केन्द्र** : काठमाडौँ,

**दरखास्त बुझाउने स्थान** : सिडिएस एण्ड क्लियरिङ लि., शेयर मार्केटस् कमर्सियल कम्प्लेक्स, पुतलीसडक,

**संलग्न गर्नुपर्ने कागजातहरू** : उम्मेदवारले शैक्षिक योग्यता र नागरिकताका प्रमाणपत्रका साथै समावेशी समूहका विज्ञापनको हकमा समावेशी समूह खुल्ने कागजातको प्रतिलिपि संलग्न गर्नुपर्नेछ। दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य देशबाट शैक्षिक योग्यता हासिल गरेको भएमा सोको साथमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य पेस गर्नुपर्नेछ। अनुभव आवश्यक पर्ने पदहरूका लागि दरखास्त फाराममा अनुभव सम्बन्धी विवरण उल्लेख गरी आफूले काम गरेको कार्यालय/संस्थाको प्रमुखबाट प्रमाणित गराई पेस गर्नुपर्नेछ।

**दरखास्त दिने अन्तिम मिति** : २०८०/०९ /०५ गते र दोब्बर दस्तुर तिरी मिति २०८०/०९/१२ गतेसम्म बुझाउन सकिनेछ।

**उम्मेदवारको उमेरको हद** : मिति २०८०/०९/०५ सम्म २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको तर महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा ४० वर्ष ननाघेको। सिडिएससिमा कार्यरत कर्मचारीहरूको हकमा उमेर हद लाग्ने छैन।

**तलब तथा सेवा सुविधा** : सिडिएससिको नियम अनुसार।

**लिखित परीक्षा मिति** : लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ। लिखित परीक्षाको कार्यक्रम लोक सेवा आयोगसंग समन्वय गरी पछि प्रकाशित गरिनेछ।

**परीक्षा दस्तुर** : प्रत्येक विज्ञापनका लागि देहाय अनुसार परीक्षा दस्तुर बुझाउनुपर्छ। एउटै पदको एक भन्दा बढी किसिमका विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप किसिम प्रत्येकका लागि थप दस्तुर बुझाउनु पर्नेछ।

| तह | परीक्षा दस्तुर | प्रत्येक थप समूहका लागि थप दस्तुर |
|---|---|---|
| नवौँ | रु. २,५००।– (दुई हजार पाँच सय) | रु. २०० (दुई सय) |
| सातौँ | रु. २,०००।– (दुई हजार) | रु. २०० (दुई सय) |
| छैटौँ | रु. १,५००।– (एक हजार पाँच सय) | रु. २०० (दुई सय) |
| पाँचौँ | रु. १,०००।– (एक हजार) | रु. २०० (दुई सय) |

**आवश्यक न्यनूतम योग्यता :**

१) **उप प्रबन्धक (आन्तरिक) र वरिष्ठ अधिकृत (आन्तरिक) पदका लागि** : नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट धितोपत्र बजार, व्यवस्थापन, वित्त, अर्थशास्त्र, वाणिज्य शास्त्र, व्यापार प्रशासन, जन प्रशासन, कम्प्युटर इन्जिनियरिङ, कम्प्युटर विज्ञान, सूचना प्रविधि वा सो सरहको विषयमा कम्तीमा स्नात्तकोत्तर उपाधि हासिल गरेको वा चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरेको र सिडिएससिको स्थायी सेवामा एक तह मुनीको पदमा कम्तीमा चार वर्ष स्थायी सेवा पूरा गरेको हुनुपर्ने तर समावेशी समूहबाट सहभागी हुने कर्मचारीको हकमा उल्लिखित सेवा अवधिमा एक वर्ष कम सेवा अवधि भए पनि उम्मेदवार हुनसक्नेछ।

२) **अधिकृत पदका लागि** : नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट धितोपत्र बजार, व्यवस्थापन, वित्त, अर्थशास्त्र, वाणिज्य शास्त्र, व्यापार प्रशासन, जन प्रशासन, कम्प्युटर इन्जिनियरिङ, कम्प्युटर विज्ञान, सूचना प्रविधि वा सो सरहको विषयमा कम्तीमा स्नात्तकोत्तर उपाधि हासिल गरेको वा चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरेको।

३) **आई.टी. अधिकृत** : बीई कम्प्युटर इन्जिनियरिङ, कम्प्युटर विज्ञान, सूचना प्रविधि वा सो सरहको विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको।

४) **वरिष्ठ सहायक** : नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट धितोपत्र बजार, व्यवस्थापन, वित्त, अर्थशास्त्र, वाणिज्यशास्त्र, व्यापार प्रशासन, जन प्रशासन, कम्प्युटर इन्जिनियरिङ, कम्प्युटर विज्ञान, सूचना प्रविधि वा सो सरहको बिषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको।

५) **वरिष्ठ कम्प्युटर अपरेटर** : कम्प्युटर इन्जिनियरिङ, कम्प्युटर विज्ञान, सूचना प्रविधि, वा सम्बन्धित विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको।

**समावेशी समूहका विज्ञापनमा दरखास्त दिन चाहने उम्मेदवारहरूका लागि विशेष निर्देशन :**

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू संलग्न गरी दरखास्त दिनुपर्दछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताका लागि छनोट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैँले प्रमाणित गरेको नक्कल समेत साथमा लिइ आउनुपर्नेछ।

क) आदिवासी/जनजाति भएमा आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट, दलित भएमा राष्ट्रिय दलित आयोगबाट, अपाङ्ग भएमा समाज कल्याण परिषद्बाट, मधेशी भएमा मधेशी आयोगबाट, पिछडिएको क्षेत्रको भएमा सम्बन्धित जिल्लाको नागरिकताको प्रमाणपत्रको साथमा सम्बन्धित गाउँपालिकाबाट हाल सोही गाउँपालिकामा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात।

**द्रष्ट्रव्य** :

१) सिडिएस एण्ड क्लियरिङ लि. कर्मचारी सेवा सर्त विनियमावली, २०७५ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

२) एउटा पदका लागि खुला तथा समावेशी तर्फ विभिन्न समूहमा आवेदन भर्दा एउटै दरखास्त फाराम भर्नुपर्नेछ। तर दरखास्त फारामको पहिलो पृष्ठ र प्रवेश पत्रमा खुला र समावेशी समूहमध्ये जुन–जुन समूहमा परीक्षामा सामेल हुने हो सो अनुसार चिन्ह लगाउनुपर्नेछ।

३) प्रत्येक सेवा अन्तर्गत खुला तथा समावेशी प्रतियोगिताका आधारमा लिइने परीक्षाहरू संयुक्त रूपमा एकै पटक एकै सिटिङमा लिइनेछ।

४) एकभन्दा बढी समूहमा फाराम पर्ने उम्मेदवारहरूले आफूले पेस गर्ने आवश्यक प्रमाणहरूको प्रत्येक १/१ प्रति मात्र बुझाए पुग्नेछ।

५) दरखास्त पेस गर्ने उम्मेदवारहरूले सूचनामा तोकिए बमोजिमको परीक्षा दस्तुर बापतको रकम तोकिएको म्यादभित्र र म्याद नाघेको ७ दिन सम्ममा दोब्बर परीक्षा दस्तुर रकम प्रभु बैंक लि., पुतलीसडकमा रहेको सिडिएस एण्ड क्लियरिङ लि. को खाता नं. १०९००९२३६१५००१०३ मा जम्मा गरेको भौचर दरखास्त साथ पेस गर्नुपर्नेछ।

६) अनुभव आवश्यक पर्ने विज्ञापनको हकमा दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा सम्बन्धित पदका लागि तोकिएको न्यूनतम सेवा अवधि पूरा भएको हुनुपर्नेछ।

७) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनका लागि गणना गरिने छैन।

८) तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएका विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिनेछैन।

९) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ।

१०) कारण खुलाई वा नखुलाई कुनै पनि दरखास्त रद्द गरिने अधिकार पदपूर्ति समितिमा निहित हुनेछ।

११) परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको प्रयोग गर्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

१२) पाठ्यक्रम, दरखास्त फाराम तथा विज्ञापन यस लि. को वेबसाइट **www.cdsc.com.np** बाट प्राप्त गर्न सकिनेछ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**